जि.प्र.का. पर्सा दर्ता नं. १७९/०५२/५३ स.क.प.आ.नं. :४५२१/०५३/५४
☎०५१-५२७३३४

# सामाजिक संस्था जिल्ला समन्वय समिति पर्सा

## वीरगंज म.न.पा. १४, राधेमाई

चं.नं. २०८०/२०८१ मितिः २०८०।०४।१५

**सुचना !** **सुचना ! !** **सुचना ! ! !**

स्थानीय तहसंगको सहकार्य, सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साको प्राविधिक सहयोग र युनिसेफ नेपालको आर्थिक सहयोगमा संचालित किशोरी शिक्षा कार्यक्रम मधेश प्रदेशका ५ वटा जिल्लाहरु (पर्सा, रौतहट, सर्लाही, सिराहा र सप्तरी) का २० वटा स्थानीय तहहरुमा २०० ओटा किशोरी शिक्षा केन्द्रहरु संचालन हुन गईरहेको छ । किशोरी शिक्षा मार्फत विद्यालय बाहिर रहेका तथा विद्यालय छोडेका १० देखि १४ वर्ष समूहका किशोरीहरुका लागि ९ महिनाको अनौपचारिक शिक्षाको कक्षा संचालन गरी शिक्षाको मुलधारमा ल्याउन तथा विद्यालय भर्ना गरि भर्ना भएका अध्ययनरत किशोरी विद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्नका लागि हाजिर अनुगमन ,सिकाई निरन्तरता , विद्यालय छाड्ने क्रमलाई कम गर्न र विद्यालयमा बालमैत्री शिक्षण सिकाई प्रक्रियालाई आवश्यक पहल गर्न त्यस **औरही गाउँपालिकाको** लागि तपसिल अनुसारका योग्य नेपाली नागरिकहरुबाट दरखास्त दिन सुचना आव्हान गरिएको छ ।

**<u>तपसिल</u>**

**पद : किशोरी शिक्षा सुपरभाइजर / यूथ एडवोकेट** (Youth Advocate) **पद संख्या : १ जना**

**छनौटका आधारहरुः**

- नेपाली नागरिक
- स्नातक तह पास वा सो सरह योग्यता भएको ।
- महिला , दलित , जनजाती, पिछडा वर्गलाई पहिलो प्राथमिक्ता दिइनेछ ।
- किशोरी शिक्षा कार्यक्रम वा सामाजिक क्षेत्रमा कम्तिमा ३ वर्ष कार्य अनुभव भएको ।
- कम्प्युटर, इन्टरनेट तथा अन्य डिजिटल उपकरण सम्बन्धी आधारभुत ज्ञान भएको । (इमेल , इन्टरनेट )
- एक पालिका एक जना स्थानीय **यूथ एडवोकेट/सुपरभाईज**र हुनु पर्ने ।

**कार्य जिम्मेवारीहरुः–**

- जिल्लागत कार्यक्रम संयोजकले दिएको कार्य जिम्मेवारी लाई कार्यान्वय गर्ने ।
- ९ महिना सम्म किशोरी केन्द्र प्रभावकारी रुपमा संचालन गराउन प्राविधिक सहयोग गर्ने, अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने ।
- ९ महिनाको किशोरी कक्षा पूरा गरेका किशोरीहरुलाई नजिकैको मातृ विद्यालयहरु संगको समन्वयमा भर्ना गर्न सहयोग गर्ने ।
- किशोरी शिक्षा मार्फत ९ महिना पढेर विद्यालय भर्ना भएका किशोरीहरुलाई विद्यालयमा टिकाउन तथा सिकाई उपलब्धि सुधार गर्न सहयोग गर्ने ।
- विद्यालयमा विद्यार्थीहरुको हाजिरी अनुगमन, सिकाई निरन्तरता, विद्यालय छाड्ने क्रमलाई कम गर्नको लागि सिकाई उत्प्रेरक भई कार्य गर्ने
- स्थानीय तह, SODCC Parsa, यूनिसेफ तथा मातृ विद्यालयहरुसँग समन्वय कायम राख्ने
- विद्यालयमा अनियमित हुने, विद्यालय छोड्ने जोखिममा रहेका तथा विद्यालय छोड्रेर बसेका बालबालिकाहरुको घरमा गई विद्यालयमा निरन्तरताको लागि आवश्यक पहल गर्ने ।
- आवश्यकता अनुसार विद्यार्थीहरु तथा अभिभावकहरूलाई परामर्श दिई सहयोग प्रदान गर्नुपर्नेछ ।
- विद्यालय भर्ना गरिएका किशोरकिशोरीहरु र विद्याथीहरूलाई उनीहरूको शिक्षण सिकाइ प्रक्रिया (गृहकार्य) मा आवश्यकता अनुसार सहयोग गर्ने ।
- सम्बन्धित स्थानिय तहका ५ देखि १० वटा विद्यालयहरुमा कार्यक्रम संचालन गर्न सहयोग गर्नुपर्नेछ ।
- मातृ विद्यालयहरुमा घुम्ती बैठक तथा अन्य सभा, गोष्ठी संचालन गर्न सहयोग गर्ने ।
- किशोरी शिक्षाको महत्व बारे प्रचार प्रसार गर्न सरोकारवाला, धर्मगुरु , स्थानिय तहहरु समन्वय र सहकार्य गर्ने गराउने ।

**निवेदन पेश गर्ने अन्तिम मिति र समय :**

माथी उल्लेखित पदमा योग्यता पुगेका नेपाली नागरिकले आफ्नो व्यक्तिगत विवरण (CV) का साथमा आवेदन पत्र मिति **२०८० साउन २२ गते (7 August 2023)** कार्यालय समय भित्र **sodcc.vacancy@gmail.com** मा ईमेल मार्फत् वा सम्बन्धित स्थानिय तहको शिक्षा शाखामा बुझाउन सकिने छ । **(सम्पर्क व्यक्ति : रामभरोशी महतो, जिल्ला संयोजक ९८५२८३२७७५, ९८२६७७८७६५)**

**आवेदन छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्रकाशक संस्थामा निहित रहनेछ ।**

नोट : प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई मात्र लिखित तथा अन्तरवार्ता परीक्षामा सहभागी गराईनेछ ।

**इब्राहिम देवान**
**अध्यक्ष**

जि.प्र.का. पर्सा दर्ता नं. १७९/०५२/५३ स.क.प.आ.नं. :४५२१/०५३/५४

☎०५१-५२७३३४

# सामाजिक संस्था जिल्ला समन्वय समिति पर्सा

## वीरगंज म.न.पा. १४, राधेमाई

**च.नं. २०८०/२०८१** **मितिः २०८०।०४।१५**

**सुचना !** **सुचना !!** **सुचना !!!**

स्थानिय तहको सहकार्य, सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साको प्राविधिक सहयोग र युनिसेफ नेपालको आर्थिक सहयोगमा संचालित किशोरी शिक्षा कार्यक्रम मधेश प्रदेशको ५ वटा जिल्लाहरु (पर्सा, रौतहट, सर्लाही, सिराहा र सप्तरी) का २० वटा स्थानिय तहहरु मा २०० केन्द्र संचालन हुन गईरहेको छ । किशोरी शिक्षा मार्फत विद्यालय बाहिर रहेका तथा विद्यालय छोडेका १० देखि १४ वर्ष समूहका किशोरीहरुका लागि ९ महिनाको अनौपचारिक शिक्षाको कक्षा संचालन गरी शिक्षाको मुलधारमा ल्याउन तथा विद्यालय भर्ना गरि भर्ना भएका अध्ययनरत किशोरी विद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्नका लागि हाजिर अनुगमन ,सिकाई निरन्तरता , विद्यालय छाड्ने क्रमलाई कम गर्न र विद्यालयमा बालमैत्री शिक्षण सिकाई प्रक्रियालाई आवश्यक पहल गर्न त्यस **औरही गाउँपालिकाको** लागि तपसिल अनुसारका योग्य नेपाली नागरिकहरुबाट दरखास्त दिन सुचना आव्हान गरीएको छ ।

**तपसिल**

**पद : किशोरी शिक्षा सहजकर्ताहरु (Facilitators) - महिला मात्र** **पद संख्या : १० जना**

**क) सहजकर्ता छनौटका आधार :**

- नेपाली नागरिक
- प्रविणता तह (+2) पास वा सो सरह योग्यता भएको ।
- अनिवार्य महिला हुनु पर्ने तथा दलित , जनजाती, पिछडा वर्गलाई पहिलो प्राथमिक्ता दिइनेछ ।
- सामाजिक क्षेत्र वा अनौपचारिक शिक्षामा कार्य गरेको वा काम गर्न इच्छुक ब्यक्ति,समय दिन सक्ने ।
- केन्द्र संचालन हुने बस्ती वा वडाका स्थानीय हुनुपर्ने ।
- एक किशोरी केन्द्रका लागि १ जना सहजकर्ताको छनौट हुनेछ ।
- कमप्यूटर तथा अन्य डिजिटल सामग्री, इन्टरनेट तथा सामाजिक संजालको उपयोग गर्ने सीप भएको हुनुपर्ने ।

**ख) सहजकर्ताको काम,कर्तव्य र जिम्मेवारी :**

- विद्यालय बाहिर रहेका १० देखि १४ वर्षका किशोरीहरुको नाम संकलन गर्न सहयोग गर्ने ।
- जिल्ला भित्र अथवा वाहिर संचालित हुने आधारभूत तथा पुनर्ताजगी तालिममा सहभागी हुने ।
- दैनिक पाठ योजना बनाई सोहीअनुसार कार्यान्वयन गर्ने ।
- नियमित रुपमा दैनिक २ घण्टा ३० मिनेट कक्षा संचालन गर्ने र दैनिक निर्धारित र निश्चित समयसम्म कक्षा सञ्चालन गर्ने ।
- स्थानीय सामग्री निर्माण, प्रयोग र व्यवस्थापनमा ध्यान दिने । कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग र समुचित व्यवस्थापन गर्ने ।
- अन्य सरोकारवालाहरु जस्तै मातृ विद्यालय, शिक्षक तथा समुदाय अगुवाहरु संग समन्वय सहकार्य गर्ने ।
- पालिका वा सुपरभाइजरले आयोजना गरेको बैठकमा भाग लिने र प्रतिवेदन बुझाउने ।
- केन्द्र व्यवस्थापन समितिको बैठकमा पदेन सचिवको भूमिका निर्वाह गर्ने तथा आवश्यक्ता अनुसार बैठक गराउने
- अभिभावक तथा सेवाप्रदायकको संलग्नता बढाउन भेला गर्ने र नियमित भेटघाट तथा परामर्श गर्ने ।
- सहभागीको प्रतिभालाई बेला-बेलामा शैक्षिक प्रदर्शनी तथा प्रतियोगितात्मक क्रियाकलाप मार्फत उजागर गर्ने ।
- जीवनउपयोगी सिप जस्ता क्रियाकलापहरुमा किशोरीहरुलाई सहभागी गराई व्यावहारिक सिकाइ गराउन सहयोग गर्ने ।
- तालिममा भाग लिई त्यहाँ सिके अनुसारको शिक्षण-सिकाइ गर्ने र सहभागीहरुको पूर्व र पश्चात मूल्यांकन गर्ने ।
- सुपरभाइजरसंगको नियमित सम्पर्कमा रही तोकिएका कार्यहरुलाई प्रभावकारी तरिकाले सम्पन्न गर्ने र प्रतिवेदन पेश गर्ने ।
- समुदाय,गाउँ, टोल अथवा नगरमा कुनै किसिमको महामारीका लक्षण देखापरेमा तुरुन्तै पालिका र कार्यक्रम संयोजकलाई जानकारी गर्ने ।
- कक्षा तथा क्रियाकलाप संचालनको समयमा स्वास्थ्य सुरक्षा मापदण्डको सुनिश्चितता गर्ने ।
- कोभिड तथा अन्य विपदको समयमा वैकल्पिक उपायहरुको खोजी गरी कार्यलाई निरन्तरता दिने ।

**निवेदन पेश गर्ने अन्तिम मिति र समय :**

माथी उल्लेखित पदमा योग्यता पुगेका नेपाली नागरिकले आफ्नो व्यक्तिगत विवरण (CV) का साथमा आवेदन पत्र मिति **२०८० साउन २२ गते (7 August 2023)** कार्यालय समय भित्र **sodcc.vacancy@gmail.com** मा ईमेल मार्फत् वा सम्बन्धित स्थानिय तहको शिक्षा शाखामा बुझाउन सकिने छ । **(सम्पर्क व्यक्ति : रामभरोशी महतो, जिल्ला संयोजक ९८५२८३२७७५, ९८२६७७८७६५)**

**आवेदन छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्रकाशक संस्थामा निहित रहनेछ ।**

**इब्राहिम देवान**
**अध्यक्ष**

नोट : प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई मात्र लिखित तथा अन्तरवार्ता परीक्षामा सहभागी गराईनेछ ।